स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष १२ , अंक ४७ २०८२ असार १६, सोमवार 30 june, 2025 मुल्य रु. १० । jantapatra.com

# लोड सल्ला खेतीको विस्तार : क्यान्सर उपचारमा आशा, आम्दानीको स्रोत

**जनतापत्र, चौतारा ।**

सिन्धुपाल्चोक जिल्लामा बहुउपयोगी औषधीय जडीबुटी लोड सल्लाको संरक्षण र खेती विस्तार गर्ने अभियान सुरू गरिएको छ।

डिभिजन वन कार्यालय सिन्धुपाल्चोकको आयोजनामा र सब-डिभिजन वन कार्यालय बाह्रबिसेको समन्वयमा त्रिपुरा सुन्दरी गाउँपालिका-५ स्थित सिखर चुली सामुदायिक वन समूहले लोड सल्लाको बिरूवा रोपण कार्यक्रम सञ्चालन गरिरहेको छ।

कार्यक्रममा सामुदायिक वन समूहका अध्यक्ष साजन श्रेष्ठको अगुवाइमा उपभोक्ताहरूको सक्रिय सहभागिता देखिएको छ।

श्रेष्ठका अनुसार, "क्यान्सरजस्तो घातक रोगको औषधि



हुने र हाम्रो भूगोलमा राम्रोसँग हुर्कन सक्ने भएकाले लोड सल्लाको खेती हाम्रो समूहले प्राथमिकतामा राखेको हो।"

लोड सल्ला एक बहुमूल्य औषधीय बिरूवा हो जसको पात, डाँठ, बोक्रा, फलफूल र काठ सबै क्यान्सरजस्तो रोगको उपचारमा प्रयोग हुने वैज्ञानिकहरु बताउँछन्।

यसको काठबाट पलङ बनाएर सुत्दा समेत क्यान्सरबाट बच्न सकिने विश्वास गरिएको छ। पात संकलन गरेर सुकाई डस्ट बनाएर बेच्न सकिन्छ भने फलपनि बिक्री योग्य छ, जसले समुदायका लागि आयआर्जनको माध्यमसमेत बन्न सक्छ।

कार्यक्रमका अवसरमा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, जिल्ला शाखा सिन्धुपाल्चोकका उपाध्यक्ष शारदा प्रसाद चालिसेले लोड सल्ला खेतीको सम्भावना भएको अन्य हिमाली क्षेत्र पहिचान गरी पकेट क्षेत्रको रुपमा विकास गर्न डिभिजन वन कार्यालयलाई आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो, "लोड सल्ला

पेज नं ५

# मनसुन जोखिमबारे प्राधिकरणलाई औपचारिक ध्यानाकर्षण



**जनतापत्र । मेलम्ची**

सिन्धुपाल्चोक क्षेत्र नं। १ बाट प्रतिनिधित्व गर्ने सांसद माधव सापकोटा 'सुबोध'ले आगामी मनसुनमा आउन सक्ने सम्भावित विपद् जोखिम र त्यसको पूर्वतयारीका विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई औपचारिक रुपमा ध्यानाकर्षण गराएका छन्।

सिंहदरबारस्थित प्राधिकरणको केन्द्रीय कार्यालयमा पुगेर सांसद सापकोटाले प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टलाई १४ बुँदे सुझाव तथा माग समेटिएको लिखित पत्र बुझाएका हुन्।ध्यानाकर्षण पत्रमा सिन्धुपाल्चोक जिल्लाको भौगोलिक बनावट, विगतका विपद्का अनुभव, र मनसुनको समयमा देखिन सक्ने जोखिमहरूलाई मध्यनजर गरी आवश्यक तयारी गर्नुपर्ने

पेज नं ५ मा

# पाटिभन्ज्याङ पहिरोको उच्च जोखिम



**जनतापत्र । चौतारा**

मेलम्ची नगरपालिका वडा नं, ४ अन्तर्गत पर्ने पाटिभन्ज्याङ बस्ती निरन्तर झरिरहेको पहिरोका कारण गम्भीर जोखिममा परेको छ। विगत एक सातादेखि निरन्तर पहिरो खसिरहेकाले हाल करिब चारवटा घर उच्च जोखिममा छन्। स्थानीय बासिन्दा विश्वराम श्रेष्ठका अनुसार बस्तीमा पहिरोको खतरा बढ्दै गइरहेकाले तत्काल सुरक्षित स्थानमा स्थानान्तरण आवश्यक देखिन्छ।मध्यपहाडी लोकमार्गको ट्र्याक खोल्ने क्रममा भएको भूस्खलनबाट पहिरो सुरु भएको र अहिले अवस्था जटिल बन्दै गएको छ। वडाध्यक्ष संजीव तामाङले घटनास्थलको निरीक्षण गरी बस्ती संरक्षणका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

प्रदेशसभा सदस्य कुमारी तामाङले पनि प्रभावित क्षेत्रको अवलोकन गरेकी छन्। उनका अनुसार ठूलोथकनी निम्न माध्यमिक विद्यालय पनि पहिरोको जोखिममा परेको छ। इलाका प्रहरी कार्यालय मेलम्चीले पहिरो निरन्तर बगिरहेको जानकारी दिएको छ। उच्च जोखिममा रहेका घरका बासिन्दालाई सतर्क रहन र आवश्यक परे तुरुन्त सुरक्षित स्थानमा सर्न आग्रह गरिएको छ। प्राकृतिक प्रकोपको यस अवस्थामा स्थानीयवासी त्रसित छन् भने सम्बन्धित निकायहरुबाट बस्ती जोगाउन र संभावित क्षति न्यूनीकरण गर्न सक्दो पहल भइरहेको जनाइएको छ।

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

# एसईईपछि विद्यार्थीको भविष्यको मोड

भरखरै मात्र नेपालमा माध्यमिक शिक्षा परीक्षा (एसईई)को रिजल्ट प्रकाशित भएको छ । यसलाई नेपालको शिक्षा प्रणालीको एक महत्वपूर्ण मोडको रूपमा लिन सकिन्छ । यो परीक्षा केवल शैक्षिक मूल्याङ्नको रुपमा मात्र नलिइ यसलाई विद्यार्थीको भविष्य तय गर्ने आधारको रुपमा लिन सकिन्छ ।

जसको लागि उनीहरूले सही निर्णय गर्न आवश्यक हुन्छ – जुन निर्णयले उनीहरूको करिअर, जीवनशैली, र सोचाईलाई दीर्घकालसम्म प्रभाव पार्ने गर्दछ । आजको समयमा विद्यार्थीहरूका लागि विकल्पहरूको कमी छैन । विज्ञान, व्यवस्थापन, मानविकी, प्राविधिक शिक्षा, व्यावसायिक तालिम, र विदेश अध्ययनसम्मका अनेक मार्ग खुलेका छन्। तर, यति धेरै विकल्प हुनु आफैंमा चुनौती पनि हो। अभिभावकको अपेक्षा, सामाजिक दबाव, वा जानकारीको अभावका कारण धेरै विद्यार्थीहरू आफ्नै चाहना विपरीत मार्ग रोज्न बाध्य छन्।यस सन्दर्भमा राज्य, शैक्षिक संस्था, र परिवारको भूमिका अत्यन्त महत्वपूर्ण छ। विद्यालयहरूले समयमै करिअर काउन्सेलिङ उपलब्ध गराउनु आवश्यक छ, जसले विद्यार्थीहरूलाई आत्मचिन्तन र सही निर्णयमा सहयोग पुर्‍याओस्। सरकारले पनि प्राविधिक शिक्षा र सीपमूलक तालिमलाई गाउँ–गाउँसम्म पुऱ्याउने नीतिमा जोड दिनुपर्छ। युवा शक्ति कुनै पनि राष्ट्रको मेरुदण्ड हो। त्यसैले एसईईपछि विद्यार्थीले आफ्नो रुचि, क्षमता र लक्ष्यअनुसारको मार्ग रोज्न पाउनु अत्यावश्यक छ।

विचारपत्र

# दुर्व्यसनले समाजमा पार्ने प्रभाव

गोविन्द मरासिनी

देश निर्माणमा युवापुस्ताको महत्वपूर्ण भूमिका रहने गर्दछ तर यिनै युवाले गलत बाटो रोजे भने के होला ?

युवाले गलत बाटो रोजे भने युवाको भविष्य मात्र नभई, राज्यलाई नै गम्भीर असर पर्छ । केही युवाले छोटो समयमै सफलता चुमेका उदाहरण समाजमा नभएका होइनन् तर धेरै जसो युवापुस्ता भने लागुऔषधको दुर्व्यसनीमा फसेर आफ्नो जीवन बर्बादीमा पारेका छन् ।
अहिले युवा दुर्व्यसनीले विश्वलाई नै आत्रान्त बनाउँदै लगेको छ ।

विकसित र विकासोन्मुख देशमा समेत यो समस्या बनिरहेका बेला नेपाल पनि यो समस्याबाट अछुतो छैन् ।

लागुऔषध भन्नाले विभिन्न रसायनबाट बनेको औषधी भनेर बुझ्न सकिन्छ । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागुपदार्थ भन्ने गरिन्छ ।

यस्ता पदार्थले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाइमा परिवर्तन ल्याउने कार्य गर्छ ।

लागुऔषध नियन्त्रण ऐन, २०३३ को दफा ३ ले गाँजा, औषधोपयोगी गाँजा, अफिम, तैयारीको अफिम, औषधोपयोगी अफिम कोकाको झारपात र अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवणसमेत मिलाई तयार गरिने कुनै पदार्थ भनी उल्लेख गरेको छ ।

नेपालमा लागुपदार्थ प्रयोगको सुरूवात ६० दशकको अन्त्य र ७० दशकको सुरूदेखि भएको पाइन्छ ।

नेपाली भूमिका प्रवेश गरेका विदेशी नागरिकहरूको नक्कल गर्ने परम्पराबाट सुरू भएको लागुपदार्थ प्रयोगको सुरूवात भएको इतिहास पाइन्छ ।

नेपाली युवा विदेशी पर्यटकको व्यवहारदेखि नजिक रहन थाले र उनीहरूको व्यवहारको सिको गर्न थाले, जसका कारण उनीहरूमा लागुपदार्थ दुर्व्यसनीको लत बढ्नै गएको पाइन्छ ।
संयुक्त राष्ट्रसङ्घको लागुऔषध तथा अपराध हेर्ने कार्यालय युएनओडिसीको सन् २०२३ को रिपोर्ट अनुसार अफ्रिकामा मात्र लागुपदार्थको प्रयोगबाट उपचाररत रहेका ७० प्रतिशत व्यक्ति ३५ वर्षभन्दा कम उमेरका रहेका छन् ।

रिपोर्ट अनुसार विश्वमा २९ करोड छ लाख लागुऔषध प्रयोगकर्ता रहेका छन् । युएनओडिसीको सन् २०११ को रिपोर्ट अनुसार विश्वमा लागुऔषध प्रयोगकर्ताको सत्या २४ करोड थियो ।

पछिल्लो ११ वर्षमा विश्वमा पाँच करोड छ लाख लागुऔषध प्रयोगकर्ता वृद्वि भएको विभिन्न तथ्याङ्कले देखाएका छन् ।

नेपालमा लागुऔषध प्रयोगकर्तासम्बन्धी सर्वेक्षण, २०७६ को तथ्याङ अनुसार नेपालमा एक लाख ३० हजार ४२४ जना लागुऔषध प्रयोगकर्ता रहेको पाइन्छ ।

त्यसअघि २०६९ मा प्रयोगकर्ताको सत्या एक लाख २१ हजार ६९२ रहेको थियो भने २०६३ मा भएको सर्वेक्षणमा जम्मा ४६ हजार ३०९ जना मात्र प्रयोगकर्ता रहेका थिए ।

सर्वेक्षण प्रतिवेदन अनुसार लागुऔषध प्रयोगकर्ताको वार्षिक वृद्धिदर ५.६ प्रतिशत रहेको देखिन्छ ।

२०७६ यता प्रयोगकर्ताका बारेमा सर्वेक्षण भएको पाइँदैन ।
लागुऔषधको प्रयोगमा सबैभन्दा बढी जोखिममा युवापुस्ता रहेको विभिन्न तथ्याङ्ले देखाएका छन् ।

लागुऔषधको प्रयोगकर्ता बढ्नुले अपराधको दर बढ्दै जानु, लागुऔषधको अवैध कारोबार बढ्नु चिन्ताजनक स्थिति रहेको गृह मन्त्रालयले बताउँदै आएको छ ।

लागुऔषध सेवनकर्ता २० देखि २९ वर्ष उमेर समूहको सत्या सबैभन्दा बढी प्रभावित भएको मन्त्रालयको तथ्या।मा भेटिन्छन् ।

राष्ट्रको भविष्यसँग जोडिएका युवापुस्ता नै कुलतमा फसेपछि देशको आर्थिक, सामाजिक संरचनामा नकारात्मक असर गर्ने हुँदा युवा दुर्व्यसनी हरेक देशका लागि चिन्ताको विषय बनेको छ ।

लागुऔषध दुर्व्यसनीका मुद्दामा पक्राउ पर्नेहरूको सत्या पनि प्रत्येक वर्ष बढिरहेको पाइन्छ ।

युवा विभिन्न कारणले दुर्व्यसनीको सिकार बन्ने गरेका छन् । नेपाली समाजमा युवा दुर्व्यसनीको सिकार हुनुमा विविध पारिवारिक समस्या, बेरोजगारीको समस्या, सामाजिक, सांस्कृतिक र धार्मिक, साथी सङ्गत र मनोरञ्जन प्रदान गर्ने नाममा दुर्व्यसनीको सिकार बन्ने गरेको पाइन्छ ।

यस्तै काम विशेषमा उत्सुकता भएर, दु:खी भएको समयमा खुसी हुन, विभिन्न मानसिक समस्याबाट मुक्ति पाउन, अध्ययनमा सफलता नमिलेमा, घरेलु हिंसा तथा दुर्व्यवहारको कारण, डिप्रेसन र यौन शक्ति वृद्धि गर्नका लागि पनि युवा दुर्व्यसनीको लतमा फस्ने गरेका छन् ।

राष्ट्रलाई समृद्व र विकासको बाटोमा लैजानको लागि त्यो देशका युवाशक्ति शारीरिक र मानसिक रूपमा स्वस्थ, बलिया र क्षमतावान् हुनु अति आवश्यक छ ।

तर हाम्रो जस्तो विकासोन्मुख देशका युवा पङ्क्ति नै लागुपदार्थ दुर्व्यसनीमा

पेज नं ६ मा

समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

मेलम्ची नगरपालिका
वडा नम्वर ११ को कार्यालय, सिन्धुपाल्चोक

# दलित : संविधानमै बहस जरुरी

अशोक दर्नाल

जात व्यवस्था र दलित समस्या समाधान गर्न केवल छुवाछूत-भेदभावको कुरा गरेर मात्र हुन्न, बरू यसको अर्थतन्त्र, राजनीति र समग्र तहमा रहेका जरालाई उखेल्न तम्सिनु आवश्यक छ ।

विश्वमा आर्टिफिसियल इन्टिलिजेन्ट (एआई) ले तहल्का मच्चाइरहेको छ । सूचना प्रविधिको विकासले बुर्कुसी मारिरहेको छ र एलन मक्सले मानिसको दिमागमा चिप्स राख्ने योजना बनाइरहेका छन् । पुँजीवादी विश्व व्यवस्थाले मानिसहरु सपना र महत्त्वाकांक्षाको रकेटमा उडिरहेका छन् । मानिस उपभोक्तावादको दास बन्दै गइरहेको छ । जीवनको स्वप्नशील उडान भरेको मनुष्यलाई लाग्न सक्छ- आजको युगमा पनि जातको कुरा गर्नु समयको बर्बादी हो ।

तर, बिर्सन नहुने कुरा के हो भने आज पनि काला जातिका जर्ज फल्वेडको अमेरिकाको व्यस्त सडकमा घाँटी थिचेर प्रहरीबाट हत्या हुन्छ ।

थेन्मोजी सौन्दर्यराजन गुगल न्युजको केन्द्रीय कार्यालयमा जातकै कारण बहिष्कृत हुन्छिन् ।

भारतका आदिवासी विद्यार्थी पायल ताडभीले निरन्तरको भेदभाव, धम्की, अपमान, दुर्व्यवहार र बहिष्कारपछि क्याम्पसकै प्रांगणमा आत्महत्या गर्न बाध्य हुन्छिन् । उनी आफ्नो समुदायबाट पहिलो पटक डाक्टर बन्दै थिइन् । नेपालमा नवराज विकहरूको सामूहिक हत्या हुन्छ ।

सम्बन्धका कारण पेटमा गर्भ बसेपछि म्याग्दीकी १९ वर्षीया युवती बेपत्ता भएको सात महिनापछि गाडिएको अवस्थामा जंगलमा भेटिन्छिन् । जसको पेटमा ६ महिनाको भ्रूण रहेको प्रमाणित हुन्छ ।

जात, धर्म, वर्ग सबैखाले विभेदलाई अस्वीकार गर्दै सर्लाहीका सत्येन्द्रकुमार राम र नेहा रौनियारले आफ्नो प्रेमलाई विजय गराए ।

तर, दलित युवकसँग छोरीले विवाह गरेको भन्दै उनीहरूको सम्बन्ध तोडाउन नेहाका बुबा सुरेन्द्र रौनियारले शक्तिको दुरूपयोग सुरु गरे । कानुनको अक्षरशः पालना गराउने पदमा बसेका गृहमन्त्री र आईजीपीले नै शक्तिको दुरूपयोग गरेको समाचार छताछुल्ल भयो ।

सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदा माघ २७ मा सामूहिक बलात्कृत भएपछि माघ ३० मा मृत फेला परेकी थिइन् ।

सिरहाकै औरही गाउँपालिका-५ मा महायज्ञ गर्ने नाममा दीपक मरिक (डोम) को घर भत्काइयो ।

समाज जति नै आधुनिकतामा प्रवेश गरे पनि जातको विषय यसरी हरेक ठाउँमा प्रकट भइरहेको छ ।

दलित समुदाय विभेदको नयाँ-नयाँ हतियारले रेटिएकै छ । जात व्यवस्थामाथि अहिले दुई खालको भाष्य स्थापित गर्न खोजिएको छ ।

एउटा- दलित र सीमान्तकृत समुदायलाई अधिकार र लाभको जरूरी छैन । दोस्रो- अब जातको कुरा नेपाली समाजलाई भत्काउने विषय हो र जातको राजनीतिले विखण्डन ल्याउँछ ।

तर, वास्तविकता यस्तो छ कि जातले मानिसको मानसिकता, दैनिकी र जीवनशैलीमा आज पनि उत्तिकै गहिरो प्रभाव पारिरहेको छ

देशमा असमानता छ । राज्यका सबै संयन्त्रमा एउटा निश्चित समुदाय र वर्गको वर्चस्व छ । बहुसांस्कृतिक देशका बहुसंख्यक समुदाय राज्यका हरेक अवसरबाट वञ्चित छन् ।

सरकारी तथा गैरसरकारी तहबाट भएका प्राज्ञिक अध्ययनहरूले पनि बहुसंख्यक ती समुदायको आर्थिक, सामाजिक र राजनीतिक अवस्था दयनीय देखाएका छन् ।

यस्तो व्यवस्थाले राज्यको चरित्र असमावेशी बनाएको र त्यसले 'हुनेखाने' र 'हुँदाखाने' वर्गबीच द्वन्द्व बढाउँदै लगेकाले सम्भावित खतरा न्यूनीकरण गर्न 'समानुपातिक समावेशी' नीतिसहित देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा लगिएको हो ।

दलित समुदायको समेत ठूलो त्याग, समर्पण र बलिदानपछि गठन भएको संविधानसभाद्वारा जारी भएको संविधानले पनि ९ वर्ष पूरा गरेको छ ।

तर, दलित जीवनमा आधारभूत परिवर्तनको प्रारम्भ नै भएको छैन ।

यसबीचमा दलित समुदायले यो संविधानबाट के पायो ?

कति लाभान्वित भयो ? उनीहरूको जीवनस्तरमा कस्तो परिवर्तन आयो ? गम्भीर समीक्षा गर्न जरूरी छ ।

संविधानले छुवाछूत-भेदभावलाई सार्वजनिक र निजी सबै स्थानमा दण्डनीय बनायो । यो निकै राम्रो कदम हो ।

वडा सदस्य दलित महिला बन्न पाउने, गाउँ/नगरपालिकाको कार्यकारणीमा एक दलित पुग्ने, संघ र प्रदेशमा समानुपातिकतर्फ समावेशी हुने र प्रशासकीय संयन्त्रहरूमा पनि केही समावेशी हुने अधिकार उपलब्ध गरायो ।

विगतको दाँजोमा यी अधिकार पक्कै पनि सुधारात्मक हुन् तर क्रान्तिकारीचाहिँ पटक्कै मान्न सकिँदैन ।

किनभने यी सुधारात्मक समावेशी प्रकारका अधिकारले जात व्यवस्थाको जाँतोमा तीन हजार वर्षदेखि रेटिएको दलित जीवनमा आधारभूत परिवर्तन ल्याउनै सक्दैन । संविधानमा 'दलित हक'को महल खडा गर्नु नै सबथोक हुन सक्दैन, बरू त्यो महलमा ठोस व्यवस्था के छ भन्ने पो मुख्य सरोकारको विषय हो ।

जात व्यवस्थाबाट सिंगै दलित र गरैदलित समुदाय पीडित छ तर सबैभन्दा पीडित दलित समुदाय छ भन्ने कुरा स्पष्टै छ ।

अहिले पनि थुप्रैको बुझाइ दलितको समस्या भनेकै छुवाछूत-भेदभाव मात्र हो भन्ने छ ।

तर आहुतिजस्ता चिन्तकहरूले प्राज्ञिक रूपमै प्रमाणित गरिसकेका छन् कि जात व्यवस्था एउटा सिंगो सामाजिक व्यवस्था वा प्रणाली हो ।

जात व्यवस्थाको जरा अर्थतन्त्र, राजनीति र संस्कृतिमा गाडिएको अनि अडिएको छ । त्यसैले जात व्यवस्था र दलित समस्या समाधान गर्न केवल छुवाछूत-भेदभावको कुरा गरेर मात्र हुन्न, बरू यसको अर्थतन्त्र, राजनीति र समग्र तहमा रहेका जरालाई उखेल्न तम्सिनु आवश्यक छ ।

के नेपालको गणतान्त्रिक संविधान जात व्यवस्थाको समग्र आधारविरूद्ध उभियो त ? प्रश्न यहींनेर छ ।

यो संविधानले नेपाली समाजलाई जात व्यवस्थामा आधारित समाजसमेत स्वीकार गरेको छैन, होइन र ? जात व्यवस्था समाजको सर्वत्र हाबी छ तर संविधानले स्वीकार गरेको छैन भन्ने कुरा यहाँ कसरी मिल्यो त !

एक, जात व्यवस्थाको पिँधमा रहेको दलित समुदाय अर्थतन्त्र, राजनीति र संस्कृति- समाजको तीनवटै क्षेत्रबाट लगातार रेटिँदै आएको छ ।

आर्थिक क्षेत्रमा भूमिहीनता, बाली प्रथा र बेरोगारी दलितका समस्या हुन् । तथ्यांकले स्पष्ट देखाएका छन् कि पहाडमा २३ प्रतिशत र तराईमा ४४ प्रतिशत दलित भूमिहीन छन् ।

अनि कृषि भूमिहीन दलित पहाडमा ६६ प्रतिशत र तराईमा ९० प्रतिशत रहेका छन् । नेपाली समाजको मुख्य सम्पत्तिको आधार रहेको जमिनमाथि दलितको यो पहुँचको अवस्थालाई संविधानले सम्बोधन गर्‍यो त ? पटक्कै गरेको छैन ।

मौलिक हकमा 'भूमिहीन दलितलाई एक पटक राज्यले कानुनबमोजिम जमिन दिन्छ' भन्ने बुँदालाई कानुनमा सुकुम्बासीलाई जस्तै घडेरी दिने विषयमा झारियो । अनि भूमिमा दलितको पहुँच कसरी यो संविधानले सहज बनायो ?

दुई, दलितका परम्परागत पेसा जबसम्म सेवाका विषय थिए, त्यतिबेलासम्म दलितका निम्ति बाध्यकारी पेसा थिए ।

तर जबदेखि ती पेसाजन्य काम व्यापार र उद्योगको कमाउ धन्दा बने, त्यसपछि ती दलितका हातबाट खोसिँदै गएका छन् । पुँजी लगानीको गैरदलितको हैसियतले दलितबाट ती नगद आम्दानीका पेसा सहजै अपहरणमा परिसकेका छन् ।

तीन हजार वर्षदेखि सेवाका रूपमा दलितले गर्दै आएका धातु, कपडा, छाला, संगीत, सञ्चार इत्यादि पेसाजन्य आधुनिक व्यवसायमा दलित समुदायको अग्राधिकार खोइ त वर्तमान संविधानले कायम गरेको ? जब भूमिहीनता र परम्परागत पेसामा दलित अधिकार स्थापना हुन्न भने आर्थिक क्षेत्रमा दलित अधिकार कसरी हुन्छ ?

पेज नं ५ मा

समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

चौतारा साँगाचोकगढी नगरपालिका
नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# किशोरीमाथि सामूहिक बलात्कारपछि हत्या



जनतापत्र, चौतारा

सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका–५ को कोलगाउँमा एक किशोरीमाथि सामूहिक बलात्कारपछि हत्या गरिएको घटना सार्वजनिक भएको छ।

प्रहरीको अनुसन्धानले १६ वर्षीया निशा तामाङमाथि पाँच जनाले पालैपालो बलात्कार गरी हत्या गरेको पुष्टि गरेको छ।

घटनाको विवरण अनुसार किशोरी असार ११ गते बिहान घरबाट निस्केकी थिइन्। उनी दिनभरि बेपत्ता भएपछि परिवारजनले खोजी थालेका थिए।

सोही दिन बेलुका कोलगाउँस्थित छ यादिखोला जंगल क्षेत्रमा स्थानीयले शंकास्पद वस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरी टोलीले घटनास्थलमा पुगी अनुसन्धान गर्दा झाडीमा लुकाइएको अवस्थामा किशोरीको शव फेला परेको थियो।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका प्रहरी प्रमुख एसपी रामेश्वर कार्कीका अनुसार शवको प्रारम्भिक अवस्था हेर्दा जबरजस्ती करणीपछि हत्या गरिएको आशंका गरिएको थियो।

अनुसन्धानलाई प्रभावकारी बनाउन प्रहरी प्रधान कार्यालय, काठमाडौँस्थित केनाइन शाखाबाट तालिमप्राप्त कुकुरको टोलीसमेत बोलाइएको थियो।इन्स्पेक्टर कृष्ण बस्नेतको नेतृत्वमा आएको कुकुर टोलीले घटनास्थलको अनुसन्धानमा सहयोग पुऱ्याएको प्रहरी स्रोतले जनाएको छ।

घटनास्थल वरपरका व्यक्तिहरूको गतिविधि र हिँडाइको आधारमा अनुसन्धानलाई अगाडि बढाइएको थियो।अनुसन्धानको क्रममा प्रहरीले सोही गाउँका पाँच जनालाई नियन्त्रणमा लिएको छ।

प्रारम्भिक बयान, शारीरिक प्रमाण, र कुकुरद्वारा देखाइएको मार्गको आधारमा उनीहरूलाई घटनासँग जोडिएको पुष्टि भएको प्रहरीले जनाएको छ।

ती पाँच जना मदिरा सेवन गरेर पालैपालो बलात्कार गरेको र अन्ततः हत्या गरी शव त्यहीँ छाडेर भागेको अनुसन्धानबाट खुलेको प्रहरीले बताएको छ।

# शिक्षामा गुणस्तर सुधारकोलागि अभिभावकदेखि शिक्षकसम्मको समन्वय आवश्यकः नगर प्रमुख तामाङ



जनतापत्र । मेलम्ची

मेलम्ची नगरपालिकाका नगर प्रमुख आइतमान तामाङले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन समिति (विव्यस), प्रधानाध्यापक, शिक्षक र अभिभावकबीच आपसी समझदारी, सहकार्य र समन्वय अत्यावश्यक भएको बताएका छन्।

नगरपालिकाले आयोजना गरेको ८८' अभिभावक शिक्षा सम्बन्धी क्षमता विकास तालिम'८८को समापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख तामाङले भने, "विद्यालयको सुधारका लागि केवल संरचना र भौतिक पूर्वाधारको विकास पर्याप्त हुँदैन, यसको मूल जरो भनेकै शिक्षक, व्यवस्थापक र अभिभावकबीचको एकता हो।"

उनका अनुसार मेलम्ची नगरपालिकाले शिक्षा क्षेत्रको दीर्घकालीन सुधार र क्षमता अभिवृद्धिका लागि पर्याप्त बजेट विनियोजन गरेको छ र नगरले सामुदायिक विद्यालयको सुधारलाई प्राथमिकतामा राखेको छ। मेलम्ची नगरपालिका अन्तर्गत रहेका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको सहभागीता रहेको यो तालिम दुई दिनसम्म सञ्चालन भएको थियो।

शिक्षा शाखाका अधिकृत सुदिनराज बुढाथोकीले तालिमको उद्देश्य बारे जानकारी दिँदै भने, "यो तालिम अभिभावक शिक्षाको महत्व, विद्यालयको नेतृत्वदक्षता विकास र संस्थागत समन्वय मजबुत बनाउन केन्द्रित थियो।" तालिममा सहभागिहरूलाई विद्यालय व्यवस्थापनमा पारदर्शिता, सामुदायिक सहभागिता बढाउने उपाय, विद्यार्थी केन्द्रित सिकाइ पद्धति, र शिक्षक–अभिभावक सम्बन्ध सुदृढीकरणका विषयमा जानकारी दिइएको थियो। नगर प्रमुख तामाङले कार्यक्रममा सहभागी सबै विद्यालय प्रतिनिधिहरूलाई आफ्ना विद्यालयमा तालिमको प्रभावकारी कार्यान्वयन गर्न आग्रह गर्दै भने, "शिक्षा प्रणालीलाई जीवन उपयोगी र समाजमैत्री बनाउने हो भने सबै पक्ष जिम्मेवार र सक्रिय हुनैपर्छ।"


## समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

बलेफी गाउँपालिका
गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# माख्लो गहतेमा धारा समुदायलाई खानेपानी हस्तान्तरण



**जनतापत्र । इन्द्रावति**

ईन्द्रावती गाउँपालिका-८ को माख्लो गहतेमा एक घर एक धारा अवधारणाअनुसार निर्माण गरिएका ६७ खानेपानी धारा औपचारिक रूपमा स्थानीय समुदायलाई हस्तान्तरण गरिएको छ। यस आयोजनाबाट सो क्षेत्रका बासिन्दाहरु दीर्घकालीन खानेपानी समस्याबाट मुक्त हुने विश्वास व्यक्त गरिएको छ। उक्त आयोजनालाई जापानी संस्था ज(ब्ब्क) को सहयोगमा निर्माण गरिएको हो। परियोजनाको कुल लागत अनुमानित १० लाख रूपैयाँ रहेको छ। धारा हस्तान्तरण कार्यक्रम वडा अध्यक्ष डिलबहादुर श्रेष्ठ, ज्याफ्सका प्रतिनिधि नोरीका यासुकी मल्ल, तथा अन्य स्थानीय प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भएको थियो। वडा अध्यक्ष श्रेष्ठले भने, "खानेपानीको अभाव वडाको प्रमुख समस्या थियो। यो आयोजनाबाट माख्लो गहतेका धेरै घरधुरीहरूलाई सहज पहुँच प्राप्त भएको छ। निर्वाचनताका गरेको खानेपानी समाधानको प्रतिबद्धता अनुसार, अहिलेसम्म वडामा १५० भन्दा बढी धारा निर्माण गरिएका छन्। अबको एक वर्षभित्र वडाका सबै घरमा खानेपानीको सुविधा पुऱ्याउने लक्ष्य लिएका छौं।" कार्यक्रममा ज्याफ्सका प्रतिनिधि नोरीका यासुकी मल्लले स्थानीय समुदायलाई सहयोग गर्न पाउँदा खुसी लागेको बताउँदै जापानी साथीहरु र दाताहरूलाई धन्यवाद व्यक्त गरे। पूर्व वडा अध्यक्ष जीवनकुमार थापा मगरले पनि बाँकी रहेको बस्तीहरूमा खानेपानी समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। ले इन्द्रावती गाउँपालिका लगायतका विभिन्न वडाहरूमा खानेपानी, कृषि र अन्य पूर्वाधार विकासमा सहकार्य गर्दै आएको छ। स्थानीयस्तरमा दिगो विकासका लागि यस किसिमको अन्तर्राष्ट्रिय सहयोग अत्यन्तै महत्वपूर्ण मानिन्छ।

## मनसुन जोखिमबारे...

कुरामा जोड दिइएको छ। पत्रमा समेटिएका प्रमुख बुँदाहरूमा निम्न विषयहरु उल्लेख छन् : जिल्लामा विपद् व्यवस्थापनका लागि विशेष इकाई स्थापना, स्थानीय तहहरूमा त्रिपाल, टेन्ट, प्लास्टिक जाली लगायत राहत सामग्री उपलब्ध गराउने व्यवस्था, गरिएको छ ।

त्यस्तैभोटेकोशी नदी क्षेत्रमा जलस्तर मापन र अर्ली वार्निङ प्रणाली सञ्चालन, नेपाल टेलिकम र विद्युत् प्राधिकरणसँग सहकार्य गर्दै सञ्चार र बिजुली सेवा अबरूद्ध नहुने व्यवस्था, सुरक्षाकर्मीहरूलाई उद्धार कार्यका लागि आवश्यक उपकरण र स्रोत साधन उपलब्ध गराउने माग, बन्देउस्थित सशस्त्र प्रहरी इकाईलाई सुदृढ पार्ने, अरनिको राजमार्गलगायत जोखिमयुक्त सडकहरु सञ्चालनमा राख्ने भएको छ ।

आवश्यक उपकरण तयारी अवस्थामा राख्ने व्यवस्था सम्भावित विस्थापितलाई सुरक्षित स्थानमा सार्ने, आवास र खाद्यान्नको व्यवस्था गर्ने, र संवेदनशील समूहहरु बालबालिका, गर्भवती महिला, अपाङ्गता भएका व्यक्तिका लागि विशेष तयारी गर्ने विषयहरु समेटिएका छन्।

भेटपछि सांसद सापकोटाले जानकारी दिंदै, कार्यकारी प्रमुख भट्टले पत्रमा उठाइएका बुँदाहरूप्रति गम्भीर चासो व्यक्त गरेका र आवश्यक समन्वय गर्ने प्रतिबद्धता जनाएको बताए।

## दलित : संविधानमै.....

तीन, ट्याक्टरको प्रवेशसँगै तराईमा मुसहर लगायतका दलितको आतंकमय बेरोजगारी सुरू भयो ।

मुसहर समुदाय त सर्वनाश हुने डिलमा पुगेको छ । फलाम, सिलाइ र छालाजन्य व्यवसायमा गैरदलितको प्रवेश र वैकल्पिक सामग्रीको बढावासँगै कामी, सार्की र दमाईंको बेरोजगारी ह्वात्तै बढ्यो ।

पृथ्वीनारायण शाहको राज्य विस्तार अभियानसँगै घरको न घाटको बन्न पुगेको वादी समुदायको बेहाल प्रस्टै छ ।

रेडियो नेपालको स्थापनासँगै गन्धर्बको बेरोजगारी पनि बढ्यो ।

पहाडमा कृषि मजदुरीमा आश्रित दलितहरु मध्यम किसानको कृषिबाट पलायनसँगै बिजोग छ ।

प्लास्टिकको सामानको अन्धतापूर्ण प्रवर्द्धनले तराईका डोमदेखि पहाडका थुप्रै श्रमजीवी समुदायको रोजगारी अलप हुन पुगेको छ ।

यहाँसम्म कि आधुनिक नर्सको उत्पादनसँगै चमार महिलाको सुडेनी पेसा गायब छ । सहरीकरण र आधुनिकीकरणबीच तराईको हलखोर र बागमती उपत्यकाको च्यामे अनि पोडे समुदायका निम्ति मात्रै रोजगारीको निरन्तरता बाँकी रहन गयो । तर उनीहरूको अपमानित जीवन, रोजगारीले भर्पाइ हुने स्थिति छैन ।

चार, संविधानको मौलिक हकमा कानुनबमोजिम छात्रवृत्तिसहित उच्च शिक्षामा दलितलाई निःशुल्क भनियो । जात व्यवस्थाले दलितलाई संगठित शिक्षामा जानै नदिने ऐतिहासिक उत्पीडनको क्षतिपूर्ति स्वरूप यो मौलिक हकको कल्पना गरिएको हो । तर एक त कानुनबमोजिम भनेर नै मौलिक हकमाथि नै षड्यन्त्र गरियो ।

अर्को कुरा देशमा कानुन त साहुजीहरूको निजी स्कुल र कलेजलाई प्रोत्साहित गर्ने बनाइएको छ ।

अब छात्रवृत्तिसहित निःशुल्क शिक्षा दलित विद्यार्थीले कहाँ पढ्छन् ?

मौलिक हकको यस बुँदाले जति खिल्ली उडाएको अरु केही भेट्न सकिन्छ र ? शिक्षा सिंगै बिक्रीको माल बनाउने अनि मौलिक हकमा निःशुल्क लेख्ने ?

डोम, मुसहरजस्तो समुदाय अस्तित्वको संकटमा छ तर राज्य उनीहरूका निम्ति एकाध एमबीबीएस छात्रवृत्तिको हल्लाखल्ला गरिरहन्छ । यस्तो नाटकबाजी त भद्दा प्रहसनबाहेक अर्को केही हुनै सक्दैन ।

पाँच, अन्तरिम संविधानले छुवाछूत-भेदभावलाई केवल दण्डनीय मान्थ्यो तर वर्तमान संविधानले 'गम्भीर सामाजिक अपराध' मानेको छ ।

यो भनेको कुन कोटिको हो त ? कानुनले व्याख्या गर्नुपर्ने होइन र ? त्यही अनुसारको नवीन राज्य कानुन बन्नु जरूरी छैन ? अवश्य छ तर कसलाई वास्ता छ र ! प्रहरी थानामा दलित डेस्क राख्न त राज्यलाई रूचि छैन ।

यसप्रकारका तमाम समस्या, विकृति र विसंगतिका कारण केवल संविधान कार्यान्वयनको विषयमै सीमित गरेर बुझ्नु कदापि सही हुँदैन । जात व्यवस्थाका विरूद्ध दृढतापूर्वक उभिन नसकेको संविधानमै यसको कारण खोज्नु अनिवार्य छ ।

संसद्वादी पार्टीहरूले आफ्नो सत्तासीन हुने सपना पूरा गर्न संविधान संशोधनको विषय बेहिसाब उठाइरहेका छन् । तर दलित समुदायले आफ्नो मुक्तिको बाटो प्रशस्त गर्न संविधानमाथि प्रश्न किन नउठाउने ?

**– दर्नाल दलित अधिकारकर्मी तथा सामाजिक अभियन्ता हुन् ।(कान्तिपुरबाट)**

## लोड सल्ला खेतीको....

जस्ता बहुमूल्य जडीबुटी संरक्षण गरी खेती विस्तार गर्न सके क्यान्सरको उपचारमा सहयोग त हुन्छ नै, समुदायको आयआर्जनमा पनि टेवा पुग्छ।" डिभिजन वन कार्यालय सिन्धुपाल्चोकले लोड सल्लालाई प्राथमिकता दिएर संरक्षण तथा खेती अभियान विस्तार गर्ने योजना अघि सारेको छ। वन कार्यालयले आगामी वर्षहरूमा सम्भावित ठाउँहरूको पहिचान गरी योजनाबद्ध रूपमा लोड सल्ला रोपण गर्ने तयारी गरेको जनाएको छ। लोड सल्ला विशेषगरी हिमाली भेगका लेकसाइड क्षेत्रमा पाइने बिरूवा हो। वातावरणमैत्री, औषधीय र आर्थिक दृष्टिले निकै लाभदायक मानिने यो जडीबुटीलाई संरक्षण गर्न सकिएमा, यो जिल्लाका लागि मात्र नभई सम्पूर्ण हिमाली क्षेत्रका लागि महत्वपूर्ण उदाहरण बन्न सक्छ।


## समाजिक संजालको रचनात्मक प्रयोग गरौँ

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौँ। सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ । सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौँ । सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौँ । सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौँ ।

मेलम्ची नगरपालिका
नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# फरक क्षमता भएका २१ जनालाई बीउ पुँजी अनुदान



**जनतापत्र । लिसंखुपाखर**

लिसंखुपाखर गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा लक्षित वर्गका लागि सञ्चालन गरिएको कार्यक्रममा फरक क्षमता भएका २१ जनालाई बीउ पुँजी स्वरूप अनुदान वितरण गरिएको छ। शारीरिक अपाङ्गता भए तापनि सामाजिक सुरक्षा भत्ता नपाइरहेका ग र घ वर्गमा पर्ने व्यक्तिहरूलाई प्रतिव्यक्ति १० हजार रुपैयाँका दरले बीउ पुँजी प्रदान गरिएको हो।

गाउँपालिकाकी उपाध्यक्ष मिठुदेवी लामाले आज अनुदान वितरण गर्नुभयो। कार्यक्रममा गाउँपालिकाका सातै वडामा रहेका आत्मनिर्भर बन्ने इच्छाशक्ति भएका फरक क्षमता भएका व्यक्तिहरूलाई प्राथमिकता दिइएको थियो।

गाउँपालिकाले यो कार्यक्रम न्यून ब्याजदरमा सञ्चालन हुँदै आएको घुम्ती कोषमार्फत सञ्चालन गर्दै आएको जनाएको छ। उपाध्यक्ष लामाले "घरमै बसेर आयआर्जन गर्न सकून् भन्ने उद्देश्यले यो कार्यक्रम ल्याइएको हो," भन्दै रकमको सही सदुपयोग गर्ने मानसिकता भएकाहरूलाई मात्र लाभ दिइने बताउनुभयो।

उहाँले फरक क्षमता भएका व्यक्तिहरूका विशेष आवश्यकतालाई ध्यानमा राखी आगामी दिनमा यस्ता कार्यक्रम थप विस्तार गर्दै जाने प्रतिबद्धता पनि जनाउनुभयो। कार्यक्रममा सामाजिक विकास अधिकृत विनोद कार्की, शिक्षा अधिकृत, महिला तथा बालबालिका शाखाकी सामाजिक परिचालिका उर्मिला लामा, सञ्चारकर्मी र सरोकारवाला निकायका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो।

# हेलम्बुमा एसईई उर्तिण दर ७४ प्रतिशत

**जनतापत्र । हेलम्बु**

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिकाभित्रका पाँच विद्यालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा शतप्रतिशत सफलता प्राप्त गरेका छन्। गाउँपालिकाभित्रका १३ विद्यालयमध्ये मेलम्चीघ्याङ मावि, गोल्मादेवी मावि, भूमेश्वरी मावि, नुर्वुलिङ मणिचौर मावि र इष्ट पोइन्ट एकेडेमीले आफ्ना सबै विद्यार्थीलाई उत्तीर्ण गराउन सफल भएका हुन्।

गाउँपालिका शिक्षा शाखाका प्रमुख धनध्वज लामाका अनुसार यी विद्यालयहरूले शैक्षिक अनुशासन र गुणस्तरीय शिक्षाका माध्यमबाट उच्च उपलब्धि हासिल गरेका हुन्। उनका अनुसार गाउँपालिकाको समग्र औसत उर्तिण दर ७४ प्रतिशत रहेको छ भने सामुदायिक विद्यालयहरु मात्र हेर्दा यो दर ७२ प्रतिशत पुगेको छ। यसपटक पहिलोपटक प्राविधिक धारमा परीक्षा दिएका २२ जना विद्यार्थीमध्ये १४ जना उत्तीर्ण भएका छन्। एक जनाले ए प्लस ग्रेड हासिल गरेको जनाइएको छ। गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले उत्कृष्ट प्रदर्शन गर्ने विद्यालय तथा विद्यार्थीहरूलाई बधाई दिँदै भविष्यमा शिक्षा क्षेत्रमा अझ थप सुधार ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले कमजोर नतिजा देखाउने विद्यालयहरुप्रति गम्भीर ध्यान दिइने र आवश्यक सुधारका कार्यक्रम अगाडि बढाइने जानकारी दिनुभयो।

# दुर्व्यसनले समाजमा......

लागेर कमजोर हुँदै जानु अवश्य पनि चिन्ताको विषय हो ।

दुर्व्यसनीले स्वास्थ्यमा असर पर्दै जाने र विभिन्न खाले रोग (जस्तै हेपाटाइटिस बी र सी, एचआइभी र एड्स, टिबी आदि) सङ्क्रमणको जोखिम बढ्छ ।

अर्कोतर्फ दुर्व्यसनीमा फसेका युवा परिवारबाट टाढा बस्न रूचाउने, एक्लै बस्ने, झोक्किने र आर्थिक हिसाबले पनि परिवारमा गम्भीर साट उत्पन्न गराउँछ ।

लागुपदार्थ दुर्व्यसनीले व्यक्तिको प्रतिरक्षा प्रणाली क्षतिग्रस्त गर्नुका साथसाथै उसमा पेटको समस्या निम्त्याउने, कलेजोमा अवरोध हुने, हृदयघात हुने र मस्तिष्कमा असर पुर्‍याउने जस्ता जटिल समस्या उत्पन्न गराउँछ ।

यसले समाजबाट तिरस्कृत हुने, झैझगडा परी कानुनी कारबाहीमा पर्ने, युवाको अध्ययनमा प्रभावित गर्ने, कार्यक्षमतामा असर पर्नुका साथसाथै दुर्व्यसनीले कुनै पनि व्यक्तिको आर्थिक स्थितिमा समेत नकारात्मक असर पारेको हुन्छ ।

हरेक हिसाबले सिर्जनात्मक कार्यमा डटेर लाग्नुपर्ने युवापुस्ता नै दुर्व्यसनीको लतमा परेपछि सिङ्गो देशलाई नै असर पर्न जान्छ ।

दुर्व्यसनीमा फसेपछि लत छुटाउनै गाह्रो हुने चोरी, डकैती र अपराधका घटनासमेत बढ्ने र दुर्व्यसनीमा फसिसकेकालाई रोकथामका लागि लाग्ने खर्चले समेत परिवारलाई थप तनाव उत्पन्न गराउने गर्दछ ।

लागुऔषध नियन्त्रण ऐन अन्तर्गत निषेध गरिएका कार्य गर्नेलाई अपराधको मात्रा र कसुर अनुसार कन्तीमा दुई हजारदेखि बढीमा २५ लाखसम्म जरिबाना र एक महिनादेखि १५ वर्षसम्म कैदको सजाय तोकिएको छ ।

यस्तै दुर्व्यसन गर्ने व्यक्तिलाई चिकित्सा केन्द्रमा तीन महिनासम्म उपचार गराउने गरी कुनै व्यक्ति वा संस्थाले कागज गरी जिम्मा लिएमा त्यस्तो चिकित्सा केन्द्रबाट उपचार गराइ राखेको जानकारी १५/१५ दिनमा पेस गर्ने गरी मुद्दा हेर्ने व्यक्तिले त्यस्तो व्यक्तिलाई सजाय नगर्न सक्ने छ ।

यसै गरी ऐनको विभिन्न दफामा सम्पत्ति जफत हुने, बारम्बार अपराध गर्नेलाई थप सजाय, मतियार हुनेलाई सजाय, सम्पत्ति जफत हुने, सजाय छुट हुनेलगायतको समेत व्यवस्था गरिएको छ ।

नेपालमा अहिले पनि विद्यमान रहेको लागुऔषध (नियन्त्रण) ऐन, २०३३ लाई आधार मानेर संशोधन हुँदै आएको छ । यस ऐनमा लागुऔषधका बारेमा सम्पूर्ण व्याख्या, विश्लेषणसहित सजाय उल्लेख गरिएको छ ।

यसबाहेक लागुऔषध नियन्त्रणका लागि समय–समयमा विभिन्न नीति, रणनीति, निर्देशिका कार्यान्वयनमा ल्याइने गरिएको पाइन्छ ।

राज्यका तर्फबाट लागुऔषध नियन्त्रण तथा रोकथामका लागि प्रयास नभएका भने होइनन् तर देश सङ्घीयतामा गइसकेपछि तीन तहको सरकारको समन्वयको अभावमा पनि कतिपय कार्य अधुरै रहेका छन् ।

कतिपय नीति तथा निर्देशन बने पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन नसक्दा लागुऔषधमा युवापुस्ताको जोखिम बढ्दै गएको पाइन्छ ।

नेपालमा लागुऔषध दुर्व्यसनीको लतमा न्यूनीकरण र रोकथामका लागि सरकारका तिनै तहका सरकार समन्वयात्मक भूमिकाबाट जनचेतना फैलाउनुपर्ने देखिन्छ ।

यस्तै परिवारले आफ्ना सन्तानको हेरचाहमा चनाखो हुने र उनीहरूको क्रियाकलापलाई दृष्टिगत गरी आवश्यक राय, सल्लाह दिनुका साथै विद्यालय तहका पाठ्यक्रम र सचेतनामूलक गतिविधि सञ्चालन गर्नुपर्ने अपरिहार्य छ ।

लागुपदार्थ दुरूपयोगको हानिकारक प्रभावको बारेमा जागरूकता पैदा गर्ने प्रयास, लागुऔषधमा निर्भर व्यक्तिलाई सामाजिक तथा आर्थिक एकीकरण गर्न सिपमूलक र व्यावसायिक तालिम प्रदान गर्ने र दुर्व्यसनीमा फसेका युवालाई लागुऔषध मुक्त, अपराध मुक्त तथा रोजगारयुक्त बनाउने नीति ल्याएर समाजप्रति उत्तरदायी बनाउन सकेमा युवालाई दुर्व्यसनीको लतबाट निकाल्न सकिन्छ ।

नेपाल सरकारका सुरक्षा निकाय र सम्बन्धित निकायले यसतर्फ ध्यान दिनुपर्ने हुन्छ । सीमानाकामा चेकजाँच प्रभावकारी रूपमा बढाउनु पर्छ देखिन्छ । (गोरखापत्रबाट)

समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।

सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।

सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।

सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।

सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

बाह्रविसे नगरपालिका
नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# अन्तरजातीय विवाह, अपाङ्गता र छोरी–बुहारीलाई सम्मान




**सुनिता रखाल । चौतारा**

लैङ्गिक समानता, जातीय विभेदको अन्त्य र समावेशी समाज निर्माणका लागि चौतारा साँगाचोकगढी नगरपालिकाले विशेष सम्मान कार्यक्रम आयोजना गरेको छ। न्यायिक समितिको पहलमा सम्पन्न उक्त कार्यक्रममा अन्तरजातीय विवाह गर्ने जोडी, अपाङ्गता भएका कर्मचारी तथा उच्च शिक्षा प्राप्त छोरी–बुहारीहरूलाई सम्मान गरिएको हो।

कार्यक्रममा अन्तरजातीय विवाह गरेका २३ जोडीलाई नगद ८ हजार रूपैयाँ, दोसल्ला र सम्मान पत्रसहित सम्मान गरियो। उपप्रमुख सिता थापाका अनुसार, फरक समुदायबीच प्रेम, सहिष्णुता र सामाजिक समरसता कायम राख्दै वैवाहिक सम्बन्ध गाँस्ने जोडीलाई प्रोत्साहन दिन सम्मान प्रदान गरिएको हो।

त्यस्तै, सरकारी सेवामा प्रवेश गरेका तीन जना अपाङ्गता भएका व्यक्तिहरु तथा स्नातकोत्तर तहसम्म अध्ययन पूरा गरेका ५६ जना छोरी र बुहारीहरूलाई समेत सार्वजनिक रूपमा सम्मान गरिएको थियो।

कार्यक्रमको विशेष आकर्षणका रूपमा ' न्यायिक समिति सिकाइ र सफलता' नामक पुस्तकको विमोचन गरिएको थियो। विमोचन कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशकी पूर्वमुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले यस्ता कार्यक्रमहरूले समाजमा समावेशिता र समानताको भावना बलियो बनाउने विश्वास व्यक्त गरिन्।

नगर प्रमुख कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत बैकुण्ठ सापकोटा लगायत जनप्रतिनिधिहरूको उपस्थिति रहेको कार्यक्रममा सहभागीहरूले सम्मानले थप प्रेरणा र जिम्मेवारीको भावना विकास भएको प्रतिक्रिया दिएका थिए।

नगरपालिकाले यस्तो सम्मान कार्यक्रमलाई सामाजिक न्याय प्रवर्द्धन गर्ने नियमित नीति अन्तर्गत सञ्चालन गरेको जनाएको छ। कार्यक्रममा समाजमा सकारात्मक सोच र सह अस्तित्वको सन्देश प्रवाह भएको बताइएको छ।

# सिकाई तथा सफलता नामक पुस्तक प्रकाशन



**संगिता बुढाथोकी । चौतारा**

चौतारा साँगाचोकगढी नगरपालिका, न्यायिक समितिद्वारा 'सिकाई तथा सफलता' नामक पुस्तक प्रकाशन गरी एक विशेष समारोहमार्फत सार्वजनिक गरेको छ। उक्त पुस्तक विमोचन वाग्मती प्रदेशकी पूर्व मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यद्वारा गरिएको हो।

पुस्तकमा नगरपालिकाको न्यायिक समितिद्वारा प्राप्त गरिएका अनुभव, सिकाइ र सफलताको विवरण, साथै न्यायिक प्रक्रियाहरु, अधिकार क्षेत्र, मेलमिलापको कार्यविधि र त्यसमा संलग्न अभियन्ताहरूका विचारहरु समावेश गरिएका छन्। न्यायिक समितिको कार्यदिशा र विधिको व्यवहारिक पक्षबारे विस्तृत जानकारी दिइएको पुस्तकलाई पूर्व मुख्यमन्त्री शाक्यले "एक सुन्दर दस्तावेज" को रूपमा वर्णन गर्दै भनिन्, "पुस्तकमा उल्लेख विषयवस्तु गहिरो छ, यसको अध्ययन गरी व्यवहारमा लागू गर्न सक्नुपर्छ।"

कार्यक्रममा चौतारा साँगाचोकगढी नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक सिता थापाले पुस्तक प्रकाशनको प्रेरणा शाक्यबाट प्राप्त भएको बताउँदै, नागरिकसम्म न्यायिक क्रियाकलाप पुऱ्याउने उद्देश्यले पुस्तक प्रकाशित गरिएको जानकारी दिइन्।

उनले पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउने नेपाल पत्रकार महासंघका सचिवसहित जनतापत्र साप्ताहिकको टोलीलाई धन्यवाद प्रकट गरिन्।

यसै अवसरमा लैङ्गिक समानता, जातीय विभेदको अन्त्य र समावेशी समाज निर्माणका लागि विशेष सम्मान कार्यक्रम पनि सम्पन्न भयो। न्यायिक समितिको पहलमा आयोजित कार्यक्रममा अन्तरजातीय विवाह गरेका २३ जोडीलाई नगद ८ हजार रूपैयाँ, दोसल्ला र सम्मानपत्रसहित सम्मान गरिएको थियो।

उपप्रमुख थापाका अनुसार, "फरक समुदायबीच प्रेम, सहिष्णुता र सामाजिक समरसता कायम राख्दै विवाह गर्ने जोडीलाई प्रोत्साहन दिन यो सम्मान प्रदान गरिएको हो।" त्यस्तै, सरकारी सेवामा प्रवेश गरेका तीन जना अपाङ्गता भएका कर्मचारीहरु, साथै स्नातकोत्तर तहसम्म अध्ययन पूरा गरेका ५६ जना छोरी तथा बुहारीहरूलाई पनि सार्वजनिक रूपमा सम्मान गरिएको थियो। नगरपालिकाले न्यायिक प्रणालीलाई स्थानीय स्तरमा प्रभावकारी ढंगले कार्यान्वयन गर्दै सामाजिक न्याय, मेलमिलाप र समावेशीता प्रवर्द्धनमा सक्रिय भूमिका खेलेको कार्यक्रमले देखाएको छ।


## समाजिक संजालको रचनात्मक प्रयोग गरौं

सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्ने गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।

इन्द्रावति गाउँपालिका
गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# प्रगति डोजो मेलम्चीमा दोस्रो कराँते ग्रेडिङ, ३१ खेलाडीलाई विभिन्न बेल्ट प्रदान

जनतापत्र । मेलम्ची ।

नेपाल गोजुरियो कराँते संघ प्रगति डोजो मेलम्चीमा प्रशिक्षणरत कराँते खेलाडीहरूको दोस्रो ग्रेडिङ कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ।

मेलम्ची नगरपालिका–११ स्थित डोजोमा आयोजित कार्यक्रममा ३१ जना खेलाडीहरूलाई विभिन्न स्तरको बेल्ट प्रदान गरिएको हो। कार्यक्रममा प्रमुख अतिथिको रूपमा मेलम्ची नगरपालिका वडा नं. ११ का अध्यक्ष चन्द्रबहादुर तामाङ र नेपाल गोजुरियो कराँते संघका केन्द्रीय सचिव सानुबाबु गिरीको उपस्थिति रहेको थियो।

बेल्ट वितरण विवरणः १ जना खेलाडीलाई ब्ल्याक बेल्ट, २ जनालाई एल्लो बेल्ट, १९ जनालाई ग्रीन बेल्ट, २ जनालाई ओरेन्ज बेल्ट, ७ जनालाई ब्लु बेल्ट प्रदान गरिएको हो।

प्रशिक्षक चन्द्र तामाङले प्रशिक्षणको नेतृत्व गर्नुका साथै कार्यक्रमको समग्र व्यवस्थापनबारे जानकारी दिनुभयो। साथै कराँते प्रशिक्षणको सहजिकरण विजय तामाङ र चन्द्र तामाङले संयुक्त रूपमा गर्नुभएको थियो।

बेल्ट प्रदान गर्दै प्रमुख अतिथि वडा अध्यक्ष तामाङले खेलकुदलाई मानव जीवनको अभिन्न अङ्ग भन्दै अनुशासन, आत्मबल र निरन्तरता मार्फत खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुग्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले विद्यालय, क्लब, बिभिन्न समूह तथा कक्षा अनुसार बनाइएका टोलीका नेता र उपनेताहरूलाई बधाई तथा शुभकामना समेत व्यक्त गर्नुभयो।

कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समिति अध्यक्ष विजयकृष्ण श्रेष्ठले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन विद्यालयका प्रधानाध्यापक ऋषिराम नेपालले गर्नुभएको थियो।

# इन्द्रावतीले ल्यायो ९९ करोडको बजेट सहित नीति तथा कार्यक्रम

Indrawati Rural Municipality
Sindhupalchowk
Bagmati, Nepal

जनतापत्र । इन्द्रावती।

सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ९९ करोड ४४ लाख ३० हजार रूपैयाँको बजेटसहित नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। मंगलबार गाउँपालिकाको केन्द्र नवलपुरमा आयोजित आठौं गाउँसभामा बजेट तथा नीति कार्यक्रम प्रस्तुत गरिएको हो।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष झम्कनाथ नेपालले आगामी वर्षको समग्र बजेटबारे जानकारी दिंदै संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न संघसंस्थाबाट प्राप्त अनुदान र स्रोतसाधनबाट बजेट विनियोजन गरिएको बताए। उनले कुल बजेट १ अर्ब पुग्न ५५ लाख ७० हजार रूपैयाँ कम भएको जानकारी दिए।

कार्यक्रममा उपाध्यक्ष शोभना तामाङले बजेट वक्तव्य प्रस्तुत गरेकी थिइन्। यस्तै, नीति तथा कार्यक्रम वडा नं. ५ का वडाध्यक्ष तथा प्रवक्ता शशिनाथ आचार्यले गाउँसभामा पेश गरेका थिए। प्रस्तावित बजेट तथा नीति आउँदो असार २७ गते बस्ने गाउँसभाबाट पारित गरिने बताइएको छ।


प्लाष्टिक प्रयोगमा कटौती गरौं
प्लास्टिक प्रयोगले:
माटोको उर्वरा शक्ति घटाउँछ,
पानी प्रदूषण हुन्छ,
पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
मानव स्वास्थ्यमा हानी पुयाउँछ,
प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,
त्यसैले,
प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
"प्लाष्टिकमुक्त" अभियानमा सहभागी बनौं,
"वातावरणको संरक्षण गरौं"
नेपाल सरकार
विज्ञापन वोर्ड



समाजिक संजालको रचनात्मक प्रयोग गरौं
सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।
चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं ३ वडा कार्यालय,सि.पा



समाजिक संजालको रचनात्मक प्रयोग गरौं
सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं।
सामाजिक संजालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ ।
सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं ।
सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं ।
सामाजिक संजाललको अत्यधिक प्रयोगले मानसिक तथा शारिरिक समस्या देखापर्न सक्छ, सर्तक रहौं ।
चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं ५ वडा कार्यालय,सि.पा